www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



भारत आईसीसी टेस्ट राष्ट्र वरीयताको शीर्ष स्थानमा रहन सफल भएको छ। दोस्रो स्थानमा न्युजिल्याण्ड र इंग्ल्यान्ड तेस्रो स्थानमा उक्लिएको छ

# सौर्य खेलकुद

इंग्लिस प्रिमियर लिगको शीर्ष चारको दौडमा रहेको लन्डन क्लब चेल्सीले घरेलु मैदानमा अर्को लन्डन क्लब आर्सनलसँग हार बेहोरेको छ



## काठमाडौं एनएसएलको फाइनलमा




■ सौर्य समाचार

काठमाडौं । ललितपुर सिटी एफसीमाथि सहज जित निकाल्दै काठमाडौं रेजर्सले खुकुरी नेपाल सुपर लिग (एनएसएल) को फाइनलमा प्रवेश गरेको छ। काठमाडौंले ललितपुरलाई ३-० ले पराजित गर्दै फाइनलमा धनगढी एफसीसँगको भेट पक्का गरेको हो। धनगढीले काठमाडौंलाई अतिरिक्त समयमा २-१ ले हराउँदै फाइनलमा स्थान पक्का गरिसकेको छ।

लिगमा काठमाडौंले ललितपुरलाई लगातार दोस्रो पटक पराजित गरेको हो । यसअघि लिगको उद्घाटन खेलमा काठमाडौंले १-० को जित दर्ता गरेको थियो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहीबार भएको एलिमिनेटर खेलमा काठमाडौंको जितमा मेसौंको ओलुमोउले दुई तथा स्टेफन बिनोड समिरले एक गोल गरे ।

पहिलो हाफमा दुई तथा दोस्रो हाफमा एक गोल भएको थियो । आठौं मिनेटमा नुर्लान नोभ्रुजोभको पासमा भिलिम पोसिन्कोभिकले गोलरक्षक बिकेश कुथु बिट भइसकेको अवस्थामा गरेको प्रहार बाहिरिदा ललितपुर अग्रता लिनबाट चुक्यो । नवौं मिनेटमा मेसौंके ओलुमोउका पासमा स्टेफन बिनोड समिरको प्रहार क्रसबारमा लागेर फर्कदा रिबाउन्डमा आशिष राईको प्रहार दोस्रो बारबाट बाहिरिदा काठमाडौं अग्रता लिनबाट चुक्यो ।

१४औं मिनेटमा मेसौंके ओलुमोउले गोल गर्दै काठमाडौंलाई १-० को अग्रता दिलाए। कमल श्रेष्ठले पेनाल्टी बक्समा मेसौंके ओलुमोउलाई लडाएपछि रेफ्री प्रज्वल क्षेत्रीले काठमाडौंलाई पेनाल्टी प्रदान गरेको थियो । जसमा उनी चुकेनन् । गोलरक्षक अर्पण कार्कीले सही दिशामा डाइभ दिँदै बचाउने प्रयास गरेपनि हातमा लाग्दै गोलमा परिणत भएको थियो ।

२२औं मिनेटमा मेसौंके ओलुमोउले व्यक्तिगत दोस्रो गोल गर्दै काठमाडौंलाई २-० को अग्रता दिलाए । तेज तामाङको पासमा उनले पेनाल्टी बक्सभित्रबाट गरेको शक्तिशाली प्रहार गोलरक्षक अर्पण कार्कीको हातमा लाग्दै गोलमा परिणत भएको थियो । २८औं मिनेटमा अन्जन बिष्टको पासमा गौरव बुढाथोकीको प्रहार बाहिरिदा ललितपुरले गोलअन्तर घटाउन सकेन ।

२-० ले पछि परेकोको ललितपुरले दोस्रो हाफमा बल पोसेसनमा पकड बनाएपनि काठमाडौंको बलियो रक्षापङ्क्ति तोड्न सकेन । ५९औं मिनेटमा तेज तामाङको क्रसलाई स्टेफन बिनोड समिरले अफसाइड बिट ट्र्याप गर्दै चेस्टले नियन्त्रणमा लिँदै गरेको प्रहार गोलमा परिणत हुदा काठमाडौंले खेलमा ३-० को अग्रता लियो । ७१औं मिनेटमा डोना थापाको पेनालटी बक्सबाहिरको फ्रिकिक पोस्टबाट थोरै बाहिरिँदा ललितपुर अग्रता कम गर्नबाट चुक्यो । ७४औं मिनेटमा स्टेफन बिनोड समिरको प्रहारलाई गोलरक्षक अर्पण कार्कीले पञ्च गर्दै बचाए । ७९औं मिनेटमा प्रवेश दनुवारको क्रसलाई गोलरक्षक बिकेश कुथुले सहजै बचाए। ८८औं मिनेटमा डोना थापाको कर्नरलाई बिकेशले सहजै नियन्त्रणमा लिए।

काठमाडौंका आशिष गुरुङ खेलको इमर्जिङ खेलाडी घोषित भए । उनले १० हजार रुपैयाँ हात पारे । काठमाडौंकै मेसौंके ओलमोउखेलको प्लेयर अफ दि म्याच घोषित भए। उनले २५ हजारसहित ट्रफी हात पारे । काठमाडौंले प्ले अफको पहिलो खेलमा धनगढीसँग अतिरिक्त समयमा २-१ ले पराजित भएपछि फाइनल खेल्ने अर्को अवसर पाएको हो । यस्तै ललितपुरले प्ले अफको दोस्रो खेलमा बुटवल लुम्बिनीलाई १-० ले हराउँदै एलिमिनेटरमा स्थान बनाउन सफल भएको थियो । फाइनल १ जेठमा हुनेछ ।

नेपाल स्पोर्टस म्यानेजमेन्टले आयोजना तथा अखिल नेपाल फुटबल संघको प्राविधिक सहयोगमा हुने एनएसएलमा ७ शहरका ७ टोलीको सहभागिता रहेको छ । राउण्ड रोबिनको आधारमा हुने लिग १ जेठसम्म सञ्चालन हुनेछ। एनएसएलमा बिराटनगर सिटी फुटबल क्लब, काठमाडौं रेजर्स फुटबल क्लब, ललितपुर सिटी फुटबल क्लब, एफसी चितवन, धनगढी एफसी, पोखरा थन्डर्स र बुटवल लुम्बिनी एफसी रहेका छन् ।

## रोनाल्डोको सय गोलको कीर्तिमान




■ एजेन्सी

लण्डन । पोर्चुगिज सुपरस्टार क्रिस्टियानो रोनाल्डोले इतिहास रचेको खेलमा इटालियन सिरी ए अन्तर्गत युभेन्टसले सहज जित दर्ता गरेको छ । सासुओलोविरुद्ध खेलमा गोल गर्दै रोनाल्डोले युभेन्टसका लागि १ सय गोल पूरा गरे ।

रोनाल्डोले यो उपलब्धि हासिल गर्न सबैभन्दा कम खेल खेलेका हुन् । उनले पहिलो हाफमा नै गोल गर्दै टोलीको अग्रता दोब्बर पारेका थिए । उनले १ सय गोल पूरा गर्न युभेन्टसको जर्सीमा १ सय ३१ खेल खेले । उनी तीन सिजनभन्दा कम समयमा यो उपलब्धि हासिल गर्ने पहिलो खेलाडी समेत बने ।

यसअघि युभेन्टसबाट १ सय गोल पूरा गर्न ओमार सिभोरी र रोबर्टो बाजियोले ५ सिजन लगाएका थिए । सन् २०१८-१९ मा स्पेनिस क्लब रियल म्याड्रिडबाट आएका रोनाल्डोले तेस्रो सिजनमा नै यो उपाधि हासिल गरेका हुन् ।

यससँगै रोनाल्डो तीन फरक क्लब र राष्ट्रिय टोलीबाट १ सय गोल पूरा गर्ने पहिलो खेलाडी बनेका छन् । रोनाल्डोले यसअघि म्यानचेस्टर युनाइटेड र रियल म्याड्रिडका लागि पनि १ सय गोलको आँकडा पार गरिसकेका छन् ।

रोनाल्डोसँगै अर्जेन्टिनी स्टार पाउलो डिबालाले पनि सासुओलोविरुद्ध नै क्लबका लागि १ सय गोल पूरा गरे । उनी क्लबका लागि यो उपलब्धि हासिल गर्ने युरोपबाहिरका पहिलो खेलाडी पनि हुन् ।

युभेन्टसले खेलमा भने सासुओलोलाई ३-१ ले पराजित गर्‍यो । २८ औं मिनेटमा एड्रिएन राबिओटको गोलमा अघि बढेको युभेन्टसले अन्तिम मिनेटमा रोनाल्डोको गोलमा अग्रता दोब्बर पारेको थियो । दोस्रो हाफको ५९ औं मिनेटमा जियाकोमो रास्पदोरीले एक गोल फर्काएपनि डिबालाले ६६ औं मिनेटमा गोल गर्दै जित पक्का गरेका थिए ।

जितका बावजुद युभेन्टस अंक तालिकाको पाँचौ स्थानमा नै कायम छ। टोलीको ३६ खेलमा ७२ अंक छ। च्याम्पियन्स लिगको दौडमा रहेका अन्य क्लबले पनि जित हासिल गर्दा युभेन्टसले माथि उक्लन सकेन । एटलान्टा र एसी मिलानको समान ७५-७५ अंक तथा नेपोलीको ७३ अंक रहेको छ ।


## च्याम्पियन्स लिगको फाइनल पोर्चुगलमा हुने

■ एजेन्सी

लण्डन । यो सिजनको युइएफए च्याम्पियन्स लिगको फाइनल पुनः पोर्चुगलमा हुने भएको छ। गत सिजनको फाइनल फोर अर्थात सेमिफाइनलदेखिको खेल पोर्चुगलमै भएको थियो । पछिल्लोपटक कोभिड भेरियन्टको दोस्रो लहरका कारण टर्कीलाई ईंग्ल्यान्ड सरकारले रेड जोनमा राखेपछि फाइनल वेम्बली स्टेडियममा गर्ने प्रस्ताव गरिएपनि सरकारले युरोपियन फुटबल महासंघ (युइएफए) को केही सर्तलाई अस्वीकार गरेपछि खेल पोर्चुगलमा सारिएको हो ।

अघिल्लो सिजन पनि टर्कीको इस्तानबुलमै हुने भनिएको फाइनल पोर्चुगलमा सारिएको थियो । युइएफएले यो सिजन पनि टर्कीमै फाइनल आयोजना गर्ने तयारी गरेको थियो ।

युइएफएले ब्रोडकास्टर्स र युइएफएका पदाधिकारीलाई बेलायत प्रवेश गर्दा क्वारेन्टिनको १० दिनको समय कम गर्नुपर्ने भन्दै सर्त राखेको थियो । तर, त्यो सर्तलाई बेलायत सरकारले अस्वीकार गरेपछि फाइनल पोर्चुगलमा सारिएको हो । लगातार दोस्रो वर्ष इस्तानबुलबाट च्याम्पियन्स लिगको फाइनल सर्दा अब भने सन् २०२२ को फाइनल टर्कीमा नै हुने भएको छ।




२९ मेमा हुने फाइनलमा दुई ईंग्लिस क्लब म्यानचेस्टर सिटी र चेल्सी भिड्दैछन् । फाइनल एफसी पोर्टोको मैदानमा हुने सम्भावना छ । गत सिजन लिस्बनमा भएको थियो । पोर्चुगल ईंग्ल्याण्डको ग्रीन जोनमा रहेको छ। पोर्चुगलमा बेलायती समर्थक जान सहज हुनेपनि बताइएको छ। फाइनलका लागि चेल्सी र म्यानचेस्टर सिटीले ६ हजारसम्म टिकट पाउनेछन । फाइनलमा दर्शकलाई मैदानमा राख्ने कुरामा स्वास्थ्य विशेषज्ञले भने आपती जनाएका छन् ।

## पीएसजी फ्रेन्च कपको फाइनलमा

■ एजेन्सी

पेरिस । पेनाल्टी सुटआउटमा जित निकाल्दै पेरिस सेन्ट जर्मेन (पीएसजी) फ्रेन्च कप (कप डि फ्रान्स) को फाइनलमा प्रवेश गरेको छ। पीएसजीले लिग वान प्रतिद्वन्द्वी मोन्टपेलिएरलाई पेनाल्टी सुटआउटमा ६-५ ले हराउँदै फाइनलमा पुग्न सफल भएको हो ।

निर्धारित समयमा २-२ गोलको बराबरी भएपछि सिधै भएको पेनाल्टी सुटआउटमा पीएसजीले बाजी मारेको हो। पेनल्टीमा पीएसजीका एन्जल डि मारिया, जुलियन ड्राक्सलर, लियान्ड्रो ड्यानियल पारेडेस, मार्किन्हस, नेयमार र मोइस किनले गोल गरे ।

मोन्टपेलिएरका तेजी साभिनिएर, एन्डी डिलर्ट, स्टेफी मामीडिडि,



मिहाइलो रिस्टिक र गाइटान लाबोर्डेले गोल गर्दा जुनियर साम्बियाले अन्तिम पेनाल्टी चुकाएका थिए ।

त्यसअघि मोन्टपेलिएरमा बुधबार राति भएको खेलमा केलियन एमबाप्पेको गोलबाट खेलमा दुईपटक अग्रता लिएर पनि त्यसलाई जोगाउन नसक्दा खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो। १०औं मिनेटमा एमबाप्पेको गोलबाट पीएसजीले अग्रता लिएको थियो। उनले इद्रिसा गाना गुआइको पासमा गोल गरेका थिए ।

४५औं मिनेटमा गाइटान लाबोर्डेले जोर्डन फेरीको पासमा गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए। ५०औं मिनेटमा एमबाप्पेले व्यक्तिगत दोस्रो तथा टोलीका लागि दोस्रो गोल गर्दै पीएसजीलाई खेलमा पुनः अग्रता दिलाए। ८३औं मिनेटमा एन्डी डिलर्टले गाइटान लाबोर्डेको पासमा गोल गर्दै खेललाई पेनाल्टी सुटआउटमा धकेले ।

अब पीएसजीले उपाधिका लागि मोनाको र जिएफए रुमिलली भाल्लीरेससँग १९ मेमा प्रतिस्पर्धा गर्नेछ। यि दुई टोलीले आज राति प्रतिस्पर्धा गर्दैछ।


## Invitation for Bids

**Laxmipur Patari Rural Municipality**
**Office of Rural Municipal Executive**
**Maheshpur Patari, Siraha**
**Province-2, Nepal**
**Invitation for Bids for the Construction of Staircase and Temple in Patari Pond(Patari Pokhari ko Jirnodhar)**
**IFB No: LPRM/WORKS/NCB/03/077/078**
**Contract Identification No: LPRM/WORKS/NCB/03/077/078**
**Date of publication: 14-05-2021 10:00**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of Staircase and Temple in Patari Pond (Patari Pokhari ko Jirnodhar) and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Staircase and Temple in Patari Pond(Patari Pokhari ko Jirnodhar) (Contract No: LPRM/WORKS/NCB/03/077/078). Bidding is open to all eligible bidders as per Section V of Bidding Document
2. Laxmipur Patari Rural Municipality invites electronic bids from eligible bidders for the construction of Construction of staircase and temple patari in pond under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 1,00,00,000 Minimum Work experience of similar size and nature: 3,00,00,000
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Laxmipur Patari, Siraha, Province Two, Nepal or may visit PPMO e-GP system www. bolpatra.gov.np/egp.
5. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Laxmipur Patari, Siraha, Province Two, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 5000.0 NRs. till 11-06-2021 17:00 during office hours.
Or
Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: NCC Bank Ltd.
Name of the Office: Laxmipur Patari Rural Municipality
Office Code no: 80216508
Office Account no: 1430000022501
Rajaswa (revenue) Shirshak no:
6. Pre-bid meeting shall be held at Laxmipur Patari Rural Municipality
Maheshpur Patari
Laxmipur Patari, Siraha
Province Two Nepal at 07-06-2021 12:00 hours.
7. Sealed or electronic bids must be submitted to the office Laxmipur Patari Rural Municipality, Maheshpur Patari, Laxmipur Patari, Siraha, Province Two, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov. np/egp on or before 13-06-2021 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13-06-2021 14:00 hours at the office of Laxmipur Patari Rural Municipality
Maheshpur Patari
Laxmipur Patari, Siraha
Province Two
Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1250000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.


सुजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०११५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी

Scanned with CamScanner